फोन:-०४४-४११०५२

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२

च.नं. ४६१

मिति :- २०८१/०७/२७

विषय :- सूचना पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
औरही नगरपालिका, महोत्तरी ।

प्रस्तुत विषयमा यस औरही नगरपालिकाको मिति २०८१।०७।२६ गतेको सूचना तहाँको सूचना पार्टीमा सूचना टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध छ। साथै सूचना यसै साथ संलग्न छ।

२०८१/०७/२६

.........................
प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

फोन:-०४४–४११०५२

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२

च.नं.

मिति : २०८१।०७।२६

सूचना ! सूचना !! सूचना !!!

यस औरही नगरपालिका वडा नं. ३ स्थित श्री राम जानकी मठको स्थापना स्व. राम लखन दासले गरी मठ सञ्चालन गर्दै आइ रहनु भएकोमा वाहाको २०३९/०१/२२ मा मृत्यु भएको, त्यस्तै स्व. राम लखन दासको मृत्यु पश्चात विन्देश्वर राय भन्ने राम सिनेही दास बैष्णव महन्थ भै कुट्टि (मठ) सञ्चालन गरेको देखिन्छ । तत् पश्चात राम किशोर यादवको बुवा सिता राय यादवले राम किशोर यादव भन्ने राम किशोर यादवलाई उक्त कुट्टिको महन्थ काय गरी. पाउँ भनी २०३९ सालको दे.नं. ८८० को अपुताली जग्गा नामसारी मुद्दा महोत्तरी जिल्ला अदालतमा दिएकोमा राम किशोर यादव राम लखनको चेला रहेको नदेखिंदा वादी दावी पुग्न सक्तैन भनि मिति २०४१/०२/३० मा महोत्तरी जिल्ला अदालतबाट फैसला भएकोछ । त्यस्तै राम किशोर यादवले उक्त मठको महन्थ भएको हुँदा विपक्षीहरुको नाममा निषेधाज्ञा जारी गरी पाउँ भनि दिएको २०७९-WO- ०४४९ को निषेधाज्ञाको रिट निवेदनमा राम किशोर यादव मठको महन्थ नदेखिदा रिट निवेदन खारोज हुने गरी मिति २०८०/११/२२ मा श्री उच्च अदालत जनकपुरधामबाट फैसला भएको फैसलाको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । राम किशोर यादवले २०५१ सालको दे.नं. १८६५ को महन्थ कायम गरी पाउँ भनी दिएको मुद्दा २०५४ साल बैशाख १९ गते डिसमिस भएको व्यहोरा निषेधाज्ञाको फैसलाको पेटबोलीबाट देखियो ।

यसरी उक्त रामजानकी मठको हालमा कुनै महन्थ कायम रहेको नदेखिदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ (१) (क) बमोजिम नगरपालिकाले स्व. राम लखन दासको नाममा रहेको सम्पतिको रेखदेख संरक्षण तथा अन्य प्रवन्ध गर्नुपर्ने हुँदा राम लखन दासको नाममा रहेको सम्पत्तिको कोही हकदार भए ३५ दिन भित्रमा सप्रमाण यस नगरपालिकामा दावी गर्न आउनु भनी सार्वजनिक सूचना प्रकाशन गरिएकोछ म्याद समाप्त भए पश्चात प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२०८१/०७/२६

.....................

प्रमोद कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

वेभसाइट :- aurahimunmahottari.gov.np